जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

बर्षः १३, अंकः १९ पृष्ठः ४ | २०८३ बैशाख २४ बिहीबार (Thursday 07 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

## हुलाकी सडकमा पर्ने कमला नदीमा सर्वसाधारणलाई कष्ट



**मणिलाल विश्वकर्मा**

लहान, २३ वैशाख। पूर्व पश्चिम हुलाकी सडक अन्तर्गत सिरहा धनुषा जोड्ने कमला नदीमा पुलको पुनःनिर्माण भइरहँदा सामान्य वर्षामा पनि सर्वसाधारण वारपार गर्न कष्ट झेल्न बाध्य छन्। निर्माण व्यवसायी कम्पनीले पुलको पुनःनिर्माणका लागि सामान ओसारपोसार गर्न र सर्वसाधारणको आवागमन सहजताका लागि बनाएको बालुवाको अस्थायी डाइभर्सन पटक पटक वर्षाले बगाउँदा स्थानीय सर्वसाधारण कष्ट झेल्न बाध्य भएका हुन्।

सामान्य वर्षाको बाढीले डाइभर्सन बगाउँदा गत शनिबार अवरुद्ध रहेको आवागमन करिब २४ घण्टापछि भोलिपल्ट आइतबार साँझदेखि सुचारु गरिएको थियो। त्यस अवधिमा हलुका सवारी साधन, मोटरसाइकल न पारी जान सके न त वारी नै आउन तर बाढी हुँदाहुँदै कतिपय सर्वसाधारण जोखिम मोलेर भएपनि पानीमा हेलिएर वारपार भएका थिए।

पुनःनिर्माण भइरहेको क्षतिग्रस्त पुलको पूर्वी भागबाट बनाइएको अस्थायी डाइभर्सन धनुषातर्फको तेस्रो पाया नजिकबाट आएको बाढीले बगाउँदा सोमबार साँझ पनि आवागमन प्रभावित भएको थियो। बाढीको पानी केही कम भएसँगै मंगलबार बिहानदेखि करिब एक फिट पानीमा हेलिएर सर्वसाधारण र हुलाका सवारी साधन वारपार भएका थिए। तर दिउँसो पुनः

-बाँकी तीन पेजमा

## राष्ट्रियस्तरका १२ ट्रेड युनियनको दर्ता खारेज

काठमाडौँ, २३ वैशाख। सरकारले निजामती सेवा र स्वास्थ्य सेवाका राष्ट्रियस्तरका १२ वटा ट्रेड युनियनको दर्ता खारेज गरेको छ। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले आज नेपाल निजामती सेवा ऐन, २०७४ अनुसारका आठ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अन्तर्गतका चार वटा ट्रेड युनियनको दर्ता खारेज गरेको हो।

निजामती अन्तर्गतका नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, नेपाल मधेसी निजामती कर्मचारी मञ्च, नेपाल स्वास्थ्यकर्मी संघ, मधेसी स्वास्थ्यकर्मी फोरम नेपाल, एकीकृत सरकारी कर्मचारी सङ्गठन नेपाल र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी सङ्गठन नेपालको दर्ता खारेज भएको छ। यस्तै स्वास्थ्य सेवाअन्तर्गतका नेपाल स्वास्थ्यकर्मी युनियन, स्वास्थ्यकर्मी युनियन नेपाल, राष्ट्रिय स्वास्थ्यकर्मी संघ र राष्ट्रिय प्रगतिशील स्वास्थ्यकर्मी संगठनको पनि दर्ता खारेज गरिएको विभागका प्रवक्ता मणिनाथ गोपले जनाएको छ।

निजामती सेवा ऐन, २०४९ ( दोस्रो संशोधन, २०६४) तथा नेपाल

-बाँकी तीन पेजमा

## सिरहाका सबै शैक्षिक संस्थाले सातामा दुई दिन सार्वजनिक विदा दिनुपर्ने




सिरहा, २३ बैशाख। जिल्लाका शैक्षिकसंस्थाहरुले आ-आफ्नै प्रकारले शैक्षिक गतिविधि गर्न थालेपछि शिक्षा विकास तथा समन्वय इकाई सिरहाले जिल्लाका सबै स्थानीय तह तथा विद्यालयहरुलाई सातामा दुई दिन सार्वजनिक विदा दिन पत्राचार गरेको छ। नेपाल सरकार मन्त्रिरिषद्को निर्णय अनुसार सम्पूर्ण शैक्षिक संस्थाहरुलाई शनिवार र आईतबार दुईदिन सार्वजनिक विदा दिने निर्णय कार्यान्वनको लागि पत्राचार गरेको हो।

जारी पत्रमा दुई दिन सार्वजनिक विदा दिने निर्णय भएको सम्दर्भमा परिवर्तित शैक्षिक सत्र एवम् सार्वजनिक बिदा अनुसार शैक्षिक कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने व्यवस्थाका लागि सबै स्थानीय तह एवम् अन्तर्गतका सम्पूर्ण सामुदायीक तथा संस्थागत विद्यालाई अनुरोध गरिन्छा भन्ने उल्लेख गरिएको छ। पत्रमार्फत शैक्षिक गतिविधिलगायत विभिन्न प्रवर्धनात्मक र रचनात्मक शैक्षिक कार्यहरु समेत गर्नु गराउनुहुन अनुरोध छ।

विशेषगरी निजी विद्यालयहरुले अझै सरकारी निर्णय पालना नगरेको भन्दै स्थानीय तहहरुले सचेत गराउँदै आएपनि अटेर गर्दै आएको छ। केही स्थानिय तहले आईतबार देखि शुक्रवारसम्म विद्यालय सञ्चालन गर्ने निर्णय गरेको छ।




**जातीय भेदभाव उन्मूलन गरौं।**

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।
- जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भारतीय नागरिक पक्राउ

सुनसरी, २३ वैशाख। बराहक्षेत्र नगरपालिका–२ पुलढ्ठे गैडामा एम्बुलेन्सबाट १४८ केजीगाँजा बरामद भएको छ। गाँजासहित

-बाँकी अन्तिम पेजमा

# सम्पादकीय

## अध्यादेशबाट ऐन संशोधन गर्नुको औचित्य पुष्टि गर

संवैधानिक परिषद्सम्बन्धी ऐनलाई अध्यादेशमार्फत् संशोधन गराएपछि प्रधानमन्त्री बालेन्द्र शाहले बिहीवार संवैधानिक परिषद्को बैठक बोलाएका छन्। गत चैत १३ गते शाह प्रधानमन्त्री नियुक्त भएपछि संवैधानिक परिषद्को बैठक पहिलोपटक बोलाइएको हो। यसबीच प्रधान न्यायाधीशको पद रिक्त भएको थियो। संवैधानिक प्रावधानअनुसार संवैधानिक निकायमा हुने नियुक्तिमा पद रिक्त हुनुभन्दा एक महिना पहिले नै परिषद्ले नियुक्तिका लागि सिफारिस गर्नुपर्छ। तर विगत केही वर्षदेखि नै संवैधानिक परिषद्ले संविधानको भावनाअनुसार काम गर्न सकेको छैन।

नेपालको संविधान २०७२ को धारा २८४ अनुसार "प्रधान न्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न" प्रधानमन्त्रीको अध्यक्षतामा संवैधानिक परिषद् रहने व्यवस्था छ। प्रधानमन्त्रीको अध्यक्षतामा रहने संवैधानिक परिषद्मा प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभा अध्यक्षका साथै विपक्षी दलका नेता सदस्य रहन्छन्। संवैधानिक परिषद्को संरचना हेर्दा यसलाई राज्यको उच्चस्तरीय संयन्त्रका रूपमा परिकल्पना गरिएको देखिन्छ। संविधानले सर्वोच्च अदालत र अरू संवैधानिक निकायलाई सरकार मातहतको नभएर राज्यका स्वतन्त्र संस्थाका रूपमा खडा गरेको छ। तर, सरकारहरू विशेषगरी प्रधानमन्त्रीहरूले परिषद्लाई मातहत संस्थाजस्तो व्यवहार गर्न खोज्दा परिषद् सधैँ विवादमा पर्ने गरेको हो।

संविधानको भावनाअनुसार संवैधानिक परिषद्ले सकेसम्म सर्वसम्मतिमा निर्णय लिनुपर्ने हुन्थ्यो। तर, भागबन्डाको अभ्यासले गर्दा परिषद्को बैठकबाट निर्णय गर्न निकै सकस हुनेगरेको थियो। आफ्नै तजबिजमा राज्य चलाउने नियतले विगतमा प्रधानमन्त्रीहरू विशेषगरी खड्गप्रसाद ओलीले परिषद्को अल्पमतले पनि निर्णय गर्नसक्ने कानुन बनाउन चाहेका थिए। विगतमा ओलीले खोजेजस्तै कानुनी व्यवस्था गर्नप्रधानमन्त्री शाह सफल भएका छन्। आफूले संविधानको भावनासँग बाझिएको भन्दै फिर्ता पठाएको अध्यादेश जस्ताको तस्तै मन्त्रिपरिषद्बाट पुनः पठाइएपछि राष्ट्रपति रामचन्द्र पौडेलले जारी गरेका हुन्। अहिले परिषद्मा प्रधानमन्त्री र सभामुख सत्तारुढ दलका छन् भने उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष, विपक्षी नेता प्रतिपक्षका छन्।

संविधानतः सभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपसभामुखले आफ्नो पुरानो पार्टीको सदस्यता त्याग गर्नुपर्ने भए पनि व्यवहारमा दलगत पक्षधरता कायमै रहेको देखिने गरेको छ। प्रधान न्यायाधीश तटस्थ रहेका खण्डमा अल्पमतमा परिने देखेर हुनुपर्छ प्रधानमन्त्री शाहले अध्यादेशमा संशोधन नगराई संवैधानिक परिषद्को बैठक नै बोलाएनन्। नयाँ व्यवस्थाअनुसार संवैधानिक परिषद्का ६ मध्ये प्रधानमन्त्रीसहित ३ जनामात्रले गरेको निर्णय पनि मान्य हुनेछ। संवैधानिक परिषद्को भावनाअनुसार काम गर्ने हो भने अल्पमत र बहुमतको प्रश्न नै नउठ्नु पर्ने हो। नियतमा खोट नभए राज्यका तीनवटै अङ्ग व्यवस्थापिका, न्यायपालिका र व्यवस्थापिकाका प्रमुखहरू सहभागी संयन्त्रले सर्वसम्मत निर्णय गर्न सक्नुपर्छ। कदाचित राय बाझिएमा लोकतान्त्रिक प्रक्रियाअनुसार बहुमतको निर्णय मान्य हुनुपर्ने हो।

जे होस्, आफूले चाहेजस्तै हुनुपर्ने जिद्दी गर्नेमा बालेन्द्र शाह पहिलो प्रधानमन्त्री भने होइनन्। यस्तै, उनको कार्यकालमा यस्तो नियुक्ति पनि नभएकाले प्रधानमन्त्री शाहलाई शङ्काको सुविधा नदिनु भने न्यायोचित हुँदैन। प्रधानमन्त्री शाहको नियतको कसी सम्भवतः प्रधान न्यायाधीश नियुक्तिबाटै सुरु हुनेछ। संविधानको भावनाविपरीत रकमी उपायहरू अपनाउनुको साटो प्रधानमन्त्रीहरूले राज्यका संवैधानिक निकायहरूमा हुने नियुक्तिको सिफारिस पारदर्शी बनाउन खोजेको भए उत्तम हुनेथियो। संविधानमा व्यवस्था भएअनुसार पद रिक्त हुनुभन्दा एक महिना पहिले नै नियुक्तिको सिफारिसमात्रै गरे पनि जनताले समेत राम्ररी जानकारी पाउने थिए। विवादास्पद व्यक्तिहरू पदमा नपुग्दै जनदबाबसमेतबाट रोकिने थिए।

यसरी संविधानको भावनाअनुसार सिफारिस गर्ने हो भने परिषद्मा मतविभाजन पनि सम्भवतः नहोला। यसैले अध्यादेशमार्फत् संविधानको भावनाविपरीत हुनेगरी ऐन संशोधन गराएको अबगाल मेटाउनकै लागि पनि प्रधानमन्त्री शाहले तजबिजको होइन पारदर्शिताको अभ्यासलाई प्रश्रय दिनुपर्छ। यसका लागि प्रक्रियामा पनि पूर्ण पारदर्शिता अपनाएर सहमतिमै नियुक्ति सिफारिस गर्नु श्रेयस्कर हुनेछ।

# बालेनको मौन सक्रियता: परम्परागत दलहरूलाई गम्भीर शिक्षा

**शरद रिजाल**

निकै अप्रत्याशित र छलाङमय तरिकाले राष्ट्रिय राजनीतिमा उदाएका प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)को कार्यशैलीले परम्परागत दल र त्यसका नेताहरूलाई झस्क्याएको छ। गत चैत १३ गते प्रधानमन्त्रीमा नियुक्त भएका बालेनले अहिलेसम्म सार्वजनिक अभिव्यक्ति दिएका छैनन्। उनले नबोलेरै आफ्नो कामलाई धमाधम अघि बढाएका छन्। गत चैत २६ गते नेपाली सेनाका अधिकृतहरूको दीक्षान्त समारोहमा सैनिक अधिकृतहरूलाई सम्बोधन गर्ने बाहेक अन्य कुनै पनि सार्वजनिक कार्यक्रममा उनी सहभागी समेत भएका छैनन्।

यसअघि मुलुकमा राजनीतिक दलका नेताहरूको भाषणले जनताको कानै दुख्थ्यो। सार्वजनिक समारोहमा भाषणका लागि तँछाडमछाड गर्ने प्रवृत्तिका विरुद्ध मौन रूपमा काम गर्ने बालेनको कार्यशैलीले धेरैलाई अचम्मित तुल्याएको छ। हेर्दा सामान्य लाग्ने यो शैली परम्परागत शासकीय प्रवृत्ति एवं मान्यतालाई परास्त गर्ने पृथक् शैली हो। यसले काम नगरी भाषणबाजी मात्र गर्दै जनतालाई झुटको पुलिन्दा बाँडेर आश्वासनको राजनीति गर्नेहरूप्रति लाक्षणिकरुपमा कटाक्ष पनि हो। विगतमा भाषणमा घरघरमा ग्यासको पाइप पुऱ्याउनेदेखि जनतालाई उल्लु बनाउने काम गरिँदै आइएको थियो। जनताका समस्या सम्बोधन गर्नुको साटो लुट र भ्रष्टाचारमा सत्तासीनहरू लिप्त थिए। तर, प्रधानमन्त्री बालेनले भने यस विपरीत भाषणमा समय खर्च नगरी तदारुकताका साथ सुधारउन्मुख कदम अघि बढाएका छन्। यो परम्परागत दलहरूको भाषणमुखी क्रियाकलापप्रति व्यङ्ग्यात्मक प्रहार पनि हो।

प्रधानमन्त्री बालेनले शासकीय सुधारका लागि अध्यादेशमार्फत प्रभावकारी कदम चालेका छन्। राजनीतिक दलको आशीर्वाद लिएर राजनीतिक नियुक्ति लिएकादेखि सरकारी जग्गा हडपेर बसेकाहरूलाई हटाउने कानुनी प्रबन्ध मिलाएर सुशासनको यात्रा आरम्भ गरेका छन्। उनको यस कदम दलीय कारिन्दालाई अस्वीकार्य भए पनि यो सुशासनका लागि सकारात्मक पहलकदमी हो। अहिलेसम्म उनले संसदमा समेत एकपटक पनि सम्बोधन गरेका छैनन्। यस बारे अनेकौँ टिप्पणी गरे पनि उनलाई त्यसको कुनै परवाह छैन। उनी आफ्नो सुशासनको मिसनमा दत्तचित्त भएर लागेका छन्। सचेत नागरिकले पनि बोल्ने नेताबाट आजित भएर काम गर्ने नेतृत्व खोजेका थिए। त्यही जनभावना बुझेका बालेनले सोहीअनुसार नबोलेरै सुशासनको पक्षमा सकारात्मक कदम चालेका हुन्।

उपत्यकासहित देशभरका अतिक्रमित सार्वजनिक जग्गा खाली गराउने उनको अग्रसरता प्रशंसनीय छ। वर्षौंदेखि भाडा नतिरेर सार्वजनिक जग्गा उपभोग गर्दै आएकाहरूलाई कानुन बमोजिम भाडा तिर्न ताकेता गर्दै ती संरचनामा ताला लगाउन निर्देशित गरेका छन्। विगतदेखिका शासकले गर्न नसकेका यी काम हेर्दा सामान्य लागेपनि दुरगामी महत्वको छ। यसले मुलुकमा कानुनी राज्यको छनक दिँदै बलियो सरकार भएको आभास दिलाएको छ। सरकारी कार्यालयमा बिचौलिया राजको अन्त्य भएको छ। मुलुकको गरिमा कायम राख्ने राजदूत लगायतका कूटनीतिक पदमा दलीय भागबन्डा अन्त्य गरिँदै छ। सरकारी कामकाजमा झन्झटिलो कागजी प्रक्रिया अन्त्य गरी प्रविधिमैत्री बनाउने प्रक्रिया सुरु भएको छ। जनताले दैनिक सरकारी कामकाजमै बालेन सरकारको प्रत्यक्ष अनुभूति गर्न थालेका छन्। यस्तै दैनिक जीवनमै सहजता प्रदान गर्ने सरकार जनताले खोजेका हुन्। आश्वासनको भाषण छाँटेर केही नगर्ने भन्दा नबोलेरै काम गर्ने सरकारप्रति जनता खुसी देखिन्छन्।

विदेशी नियोगका कर्मचारीदेखि राजदूतसम्म प्रधानमन्त्री निवास बालुवाटार पुगेर गोप्य भेटघाट गर्ने परम्परागत प्रचलनलाई उनले बन्देज लगाएका छन्। राजदूतहरूसँग सामूहिक भेट गर्ने वातावरण मिलाएर मुलुककै कूटनीतिक मर्यादा बढोत्तरी गरेका छन्। अन्य विदेशी पदाधिकारीलाई परराष्ट्रमन्त्रीले नै भेट गर्ने थिति बसाउँदै प्रधानमन्त्रीसँग सहजै भेट गर्ने विगतदेखिकै गलत परम्परा तोडेका छन्। यसरी प्रधानमन्त्री बालेनका यिनै सुशासनउन्मुख सकारात्मक सूचकले जनमानसमा आशा जागेको छ। उनको यस कदमले विगतदेखिको दलतन्त्र र त्यसको आडमा मौलाएको राजनीतिक एवं प्रशासनिक क्षेत्रको मनोमानी अन्त्य गर्ने संकेत गरेको छ। यसले आगामी दिनमा मुलुकको राजनीति उचित र सकारात्मक दिशानिर्देश गर्ने अपेक्षा गरिएको छ।

बालेनको कतिपय स्वभाव र प्रस्तुति आलोचनात्मक खालका नभएका होइनन्। उनी मन्त्रिपरिषद्को बैठकमा उपस्थित हुँदाको अनौपचारिक पोसाक प्रधानमन्त्रीका लागि शोभनीय छैन। राष्ट्रको प्रतिनिधित्व गर्ने कार्यकारी प्रमुखले मन्त्रिपरिषद् बैठकमा औपचारिक तथा मर्यादित तवरले प्रस्तुत हुनुपर्छ। मुलुकको कार्यकारी प्रमुखले राष्ट्रिय पोसाकमा आफूलाई प्रस्तुत गर्न जरुरी छ। यसबाहेक उनका अन्य कदम भने सह्रानीय छन्। बालेनको राजनीतक उदय परम्परागत दलहरूकै अक्षमताकै जगमा निर्मित हो। गत स्थानीय निर्वाचनमा काठमाडौं महानगरको मेयरमै परम्परागत दलको गठबन्धनलाई पराजित गर्दै स्वतन्त्ररुपमै जित हात पारेर उनको राजनीतिक उदय भएको थियो। बालेनको त्यो जित फगत मेयरको जित मात्रै नभएर परम्परागत दलको आधिपत्य जनस्तरबाटै अस्वीकार्यको पूर्वसंकेत थियो। सांगठनिक बलमा पार्टी सदस्यको दम्भ प्रदर्शन गर्दै नेपाली राजनीतिमा दलीय आधिपत्य लाद्ने परम्परागत दल विरुद्ध जनस्तरबाटै बालेनमार्फत विद्रोहको शंखघोष थियो।

त्यो मौन विद्रोहलाई समयमै बुझ्न नसक्दा शासकीय दम्भका कारण जेनजी विद्रोहले दलहरू लखेटिनुपर्यो भने गत फागुन २१ को निर्वाचनबाट लज्जास्पद पराजय ब्यहोर्ने स्थिति निम्तियो। यो नेपाली राजनीतिमा दलीयता विरुद्धको बालेन विद्रोहलाई बुझ्न नसक्दाकै दुष्परिणाम हो। बालेन मेयर हुँदै प्रधानमन्त्री हुनु उनको राजनीतिक उदय मात्रै नभएर नेपाली राजनीतिमा नयाँ युगको सुरुवात पनि हो। यो पुस्तान्तरण, परम्परागत दलीय प्रवृत्ति र कार्यशैलीकै रूपान्तरण हो। नेपाली राजनीतिमा यसको बहुआयामिक महत्त्व छ। कांग्रेस, एमाले र नेकपामा यत्तिको उमेरमा युवा विद्यार्थीको भातृसंगठनको नेतृत्व गर्ने अवसर समेत नदिने विडम्बनापूर्ण अवस्थामा ३६ वर्षीय बालेनले देशको बागडोर सम्हालेका छन्। यो सामान्य विषय होइन, परम्परागत दलहरूलाई नेतृत्व परिवर्तन, पुस्तान्तरण र युवाहरूको नेतृत्वदायी तहमा सहभागिताका लागि नैतिक दबाब हो।

हालैको निर्वाचन परिणामले नेपाली राजनीतिको भाष्य नै बदलिदिएको छ। पुस्तान्तरण आरम्भ गर्दै अमूर्त भाषणको अन्त्य र व्यावहारिक कार्यशैलीमा कायापलट ल्याएको छ। त्यसकै एक बिम्बको रूपमा बालेनले प्रधानमन्त्रीको कार्यभार सम्हालेर उनको पृथक् कार्यशैलीले नेपाली राजनीतिको परम्परागत मूल्य मान्यताकै पुनर्परिभाषित गरेको छ। यो किमार्थ सामान्य परिवर्तन नभएर नेपाली राजनीतिमा नयाँ संस्कारको सुरुवात हो। तथापि, सरकारको आगामी दिनमा अन्य राष्ट्रिय महत्वका दूरगामी निर्णय र प्रभाव बारे अहिल्यै आकलन गर्नु हतारो हुन्छ। त्यसबाहेक बालेन सरकारले राजनीति र शासकीय सुधारमा भने सकारात्मक थालनी गर्दै परम्परागत दलहरूलाई रूपान्तरण र पुस्तान्तरणबारे दिएको सन्देश शिक्षाप्रद छ। यसबाट सबक सिक्दै परिष्कृत भएर अघि बढ्ने या विरोधका निम्ति विरोध गरेर थप राजनीतिक क्षति निम्त्याउने त्यो भने, परम्परागत दलहरूकै विवेकमा निर्भर गर्दछ।

# वन्यजन्तुप्रतिको बद्लिँदो दृष्टिकोण

**राधेश्याम विश्वकर्मा**

रुपन्देही, २३ वैशाख। वन क्षेत्र विस्तार र वन्यजन्तुको सङ्ख्या वृद्धि भएसँगै बर्दिया जिल्लाको मध्यवर्ती क्षेत्रमा मानव–वन्यजन्तु द्वन्द्व तीव्र बन्दै गएको छ।

विशेषगरी बाघ र हात्तीको गतिविधि बढेपछि स्थानीय बासिन्दा जोखिमपूर्ण अवस्थाबाट गुज्रन बाध्य भएका छन्। वन्यजन्तुको आक्रमणमा पर्ने मुख्य कारणमा दैनिक जीविकोपार्जनसँग सम्बन्धित गतिविधिहरु देखिएका छन्। गाईबस्तु चराउन जाँदा, घाँस काट्न जाँदा र दाउरा वा अन्य वनपैदावार सङ्कलन गर्न जाँदा अधिकांश घटना भएका छन्।

बर्दिया राष्ट्रिय निकुञ्जको तथ्याङ्कअनुसार पछिल्लो आठ वर्षमा वन्यजन्तुको आक्रमणबाट बर्दियाको बर्दिया राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा गरी ४३ वन्यजन्तुको मृत्यु भएको छ। यस्तै मानवीय क्षति, पशुधनको क्षति र अन्नबाली क्षति गरी सोही अवधिमा १३ हजार ५७१ वटा घटना निकुञ्जको तथ्याङ्कबाट देखिन्छ। अधिकांश घटना निकुञ्ज क्षेत्रभन्दा बाहिर वनको सिमानासँग जोडिएका बस्तीमा भएका छन्। करिब ८४ प्रतिशत आक्रमण वनको सिमानाबाट एक किलोमिटरभित्र भएका छन्।

**'बाघ र हात्ती' अब आम्दानीको स्रोत**

वन्यजन्तुका कारण जोखिम बढेसँगै यस क्षेत्रमा पर्याप्त अवसर पनि देखिएको छ। बर्दियाको मधुवन नगरपालिका–१ डल्लास्थित डल्ला होमस्टेले पर्या–पर्यटनमार्फत स्थानीय समुदायको जीवनस्तर उकास्नुका साथै वन्यजन्तु संरक्षणलाई आयआर्जनसँग जोड्ने नमुना अभ्यास प्रस्तुत गरेको छ। यहाँका जैविक मार्ग होमस्टे सञ्चालक मङ्गल थारुले वन्यजन्तुलाई 'समस्या' होइन, 'सम्पत्ति' का रुपमा हेर्ने दृष्टिकोण विकास गर्दै 'बाघ, गैँडा र हात्ती कमाउने' जस्ता नवीन अवधारणामार्फत संरक्षण र समृद्धिको नयाँ आयाम देखाउनुभएको छ।

थारुका अनुसार डल्ला होमस्टेको स्थापना केवल पर्यटक आकर्षणका लागि नभई वन्यजन्तु र मानवबीचको द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले गरिएको हो। "पहिले बाघ र हात्ती देख्दा डर लाग्थ्यो, अहिले तिनै वन्यजन्तु हाम्रो आम्दानीको आधार बनेका छन्", उहाँले भन्नुभयो। उहाँका अनुसार 'बाघ कमाउने' अवधारणाअन्तर्गत रोयल पाटेबाघ अवलोकनका लागि आउने विदेशी पर्यटक लामो समयसम्म बस्ने र ठूलो खर्च गर्ने गरेका छन्। यसले होमस्टे, गाइड, यातायात र अन्य सेवामार्फत स्थानीयवासीलाई प्रत्यक्ष आम्दानी दिलाएको छ।

त्यसैगरी 'हात्ती कमाउने' अवधारणाले गाउँमा क्षति पुऱ्याउने जङ्गली हात्तीलाई संरक्षणमार्फत पर्यटनसँग जोड्ने प्रयास गरिएको छ। "घर भत्काउने हात्तीलाई जोगाएरै पर्यटक देखाउँदा हजारौँ रुपैयाँ कमाउन सकिन्छ", थारुले भन्नुभयो। एकसिङ्गे गैँडाको अवलोकन र फोटोग्राफीका लागि

–बाँकी तीन पेजमा

# लहान नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**लहान, सिरहा**
**मधेश प्रदेश, नेपाल**
**(भवन तथा वस्ती विकास उप-शाखा)**

## सार्वजनिक सूचना ।

**प्रकाशित मिति : २०८३/०१/२३**

जिल्ला सिरहा गा.बि.स. ईनर्वा वडा नं.-०४ बस्ने विणा देवी यादवले आफ्ना नाउँमा दर्ता कायम रहेको यस लहान न.पा. वडा नं.-०३ मा पर्ने साविक गा.वि.स. लहान बजार वडा न.-०८ कित्ता न. १८७० ज.वि. (०-०-१०) जग्गामा पक्कि भवन निर्माणका लागि मिति २०८२/१०/२८ मा नक्सा सहित यस कार्यालयमा दर्ता गराएको दरखास्त उपर आवश्यक कारवाहीका क्रममा मिति २०८२/११/०१ मा १५ दिने सार्वजनिक सूचना टाँस भई घरनक्सा पास सम्बन्धी कुनै किसिमको उजुर नपरी मिति २०८२/११/२७ मा यस कार्यालयको कर्मचारी टोलीबाट भएको स्थलगत नापजाँच/सरजमिन मुचुल्कामा पुर्वतर्फको संधियार श्रीमती कौसली देवी कोइरिन भएको जग्गाधनी संधियारको हैसियतले दरखास्तमा उल्लेख भए बमोजिम भवन निर्माण गर्न मिल्ने, नमिल्ने सम्बन्धि आफ्ना कुराहरु खुलाउनु पर्ने भएकोले सम्बन्धित जग्गाधनीले ७ (सात) दिन भित्र यस कार्यालयमा उपस्थित भई आ  ना कुराहरु जनाई दिन हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको हो। साथै यो म्याद भित्र उपस्थित नभए निजको नक्सा पास प्रक्रिया अगाडी बढाइने र सो पश्चात तपाईको कुनै किसिमको उजुरी दावी नलाग्ने व्यहोरा यसै सुचना मार्फत जानकारी गराईन्छ।

**शुशील कुमार साह**
**ईन्जिनियर**

# कृषिबाटै आर्थिक रूपमा कायापलट गरे मण्डलले, अन्य युवा पनि प्रेरित

**नवीन प्रियदर्शी**

जनकपुरधाम, २३ वैशाख। महोत्तरी जिल्लाका युवामा वैदेशिक रोजगारीप्रति आकर्षण बढिरहेका वेला एक युवा कृषकले स्वदेशमै परिश्रम गरेर राम्रो आम्दानी गर्न सम्भव रहेको उदाहरण प्रस्तुत गरेका छन्। महोत्तरीको सम्सी गाउँपालिका-५, गाढाका रामध्यान मण्डल व्यावसायिक कृषिका माध्यमबाट आर्थिक रूपमा कायापलट गर्न सफल भएका छन्। केही वर्षदेखि व्यावसायिक रुपमै कृषि पेसामा लागेका मण्डलले महोत्तरीको रामगोपालपुर नगरपालिका, लक्ष्मीपुरस्थित वर्षौंदेखि बाँझो रहेको जमिनमा तरबुजा खेती गरेका छन्। अहिले उनी तरबुजाको स्याहार-सुसारदेखि पाकेको तरबुजा बजारसम्म पुऱ्याउने काममा व्यस्त छन्।

रामगोपालपुर नगरपालिकास्थित माध्यमिक विद्यालय, बसपिट्टीको २२ बिघा जग्गा वार्षिक ६ लाख ५० हजार रुपैयाँमा लिजमा लिएर उनले खेती सुरु गरेका हुन्। त्यसमध्ये करिब ७ बिघा जमिनमा उनले तरबुजा खेती गरेका छन्। तरबुजा खेतीमा हालसम्म १४ लाख रुपैयाँ खर्च भइसकेको उनले बताए। पहिलो चरणमै ३ लाख ५० हजार रुपैयाँ बराबरको तरबुजा बिक्री गरिसकेको मण्डलले बताए। यस सिजनमा तरबुजाबाट २५ लाख रुपैयाँसम्म आम्दानी गर्ने लक्ष्य रहेको उनको भनाइ छ।

मण्डलले ६ वर्षदेखि वैष्णोदेवी कृषि फर्ममार्फत सम्सी गाउँपालिका र रामगोपालपुर नगरपालिकामा गरी ५४ बिघा जमिनमा फलफूल, तरकारी, माछापालन र कुखुरापालन गर्दै आएका छन्। उनको कृषि व्यवसायमा अहिले १६ देखि १७ जनाले रोजगारीसमेत पाएका छन्। मण्डलले कृषि पेसा अवसरमात्र नभई चुनौतीपूर्ण पनि रहेको बताए। खेतमा लगाएको तरबुजा चोरी हुने, जंगली जनावरले नोक्सान पुऱ्याउने र सुरक्षाको अभाव रहने समस्या रहेको उनको भनाइ छ। विशेषगरी निलगाई लगायतका जनावरले फल लागेका बाली नष्ट गर्न सक्ने डरले उनलाई सधैँ चिन्ता लागिरहन्छ।

खेतीका लागि आवश्यक विद्युत र पानीको सहज पहुँच नहुँदा थप समस्या हुने मण्डलले बताए। खेतमा सिँचाइको समस्या समाधान गर्न उनले दमकलको प्रयोग गरेका छन्। मण्डलका अनुसार स्थानीय सरकारले विद्युत र खानेपानीको उचित व्यवस्थापन गर्न नसक्दा धेरै कृषक खेतीप्रति आकर्षित हुन सकेका छैनन्। सरकारले समयमै मल, बिउ, पानी र विद्युतको व्यवस्था गरिदिए कृषि क्षेत्रबाट राम्रो लाभ लिन सकिने उनले बताए।

मण्डलका अनुसार तरबुजा खेतीको उपयुक्त समय पुसदेखि माघसम्म हो। यसपालि उनले माघ महिनामा बिरुवा रोपेका थिए। बिरुवा रोपेको करिब ७० दिनभित्र फल लाग्न सुरु हुन्छ भने ९० दिनभित्र पूर्ण रूपमा पाकेर बजारमा पठाउन सकिन्छ। गर्मी मौसममा बढी माग हुने भएकाले तरबुजा खेतीबाट राम्रो आम्दानी हुने उनले बताए।

मण्डलले यसपालि तरबुजाको बिरुवा भारतको मद्रासबाट ल्याएर रोपेका हुन्। बजारमा भारतबाट आयात हुने तरबुजाको विकल्प नेपाली किसानले उत्पादन गरेका तरबुजा बन्न सक्ने उनको भनाइ छ। भारतबाट आउने फलफूलमा विषादी प्रयोग हुने भएकाले स्वदेशमै उत्पादन भएका फलफूल स्वास्थ्यका दृष्टिले राम्रो हुने उनले बताए। मण्डलले उत्पादन गरेको तरबुजा अहिले जनकपुर, ढल्केवर, बर्दिबास लगायतका बजारमा बिक्री भइरहेको छ। बजारको अभाव नभएको र उपभोक्ताबाट राम्रो माग आएको उनको भनाइ छ।

सन् २०१५ मा वैदेशिक रोजगारीका लागि विदेश गएका मण्डल १३ महिनामै स्वदेश फर्किएका थिए। विदेशको दुःख, परिश्रम र परिवारबाट टाढा रहनुपरेको अनुभवपछि उनले आफ्नै देशमा केही गर्ने सोच बनाए। त्यसपछि कृषि क्षेत्रमा लगानी सुरु गरेर आज सफल कृषक बनेका छन्। उनको सफलताबाट धेरै युवा प्रभावित भएका छन्। एकडारा गाउँपालिका-४ का राकेश यादवले रामध्यान मण्डलको कामबाट आफू प्रभावित भएको बताए। अब आफू पनि कृषि पेसामा लाग्ने निष्कर्षमा पुगेको यादवले बताए। सम्सी गाउँपालिका-५ का रविन्द्र ठाकुरले पनि रामध्यान मण्डलबाट प्रेरणा लिएर दुई वर्षदेखि माछापालन र तरकारी खेती गरिरहेका छन्।

सर्लाहीको पर्सा गाउँपालिकाका बनिन्द्र मुखियाले पनि रामध्यान मण्डलसँगै सल्लाह लिएर केरा, तरबुजा र माछापालन सुरु गर्ने तयारी थालेका छन्। उनले करिब ७ बिघा जमिनमा खेती गर्ने योजना बनाएका छन्। सम्सी गाउँपालिका-३ का रामजतन साहले आफू विदेशबाट फर्किएपछि राम ध्यानको कृषि कार्य देखेर प्रभावित भएको बताए। उनले रामध्यानसँग सल्लाह लिएर ६ महिनादेखि कृषि पेसामा लागेको र अहिले आम्दानी पनि सन्तोषजनक रहेको जानकारी दिए।

जलेश्वर नगरपालिका-१० का विवेक कर्ण पनि ३ बिघा जमिनमा केरा र तरकारी खेती गर्दै आएका छन्। उनले पनि रामध्यान मण्डलकै सफलताबाट आफू कृषि पेसामा समर्पित भएको बताए। सरकारले किसानलाई आवश्यक मल, बिउ, सिँचाइ र विद्युतको व्यवस्था मिलाइदिए हजारौँ युवा विदेशिनुपर्ने अवस्था अन्त्य हुन सक्ने रामध्यान मण्डलको भनाइ छ। विदेशमा पसिना बगाउनुको सट्टा आफ्नै देशमा मेहनत गर्दा परिवारसँगै बसेर आत्मसम्मानका साथ जीवनयापन गर्न सकिने उनले प्रस्ट पारे।

## *वन्यजन्तुप्रतिको ...*

आउने पर्यटकबाट हुने आम्दानीलाई समेत स्थानीयले गैँडा कमाइको रुपमा व्याख्या गर्ने गरेका छन्।

डल्ला होमस्टेले स्थानीय सीप र स्रोतको उपयोगमार्फत उद्यमशीलता विकासमा योगदान पुऱ्याएको छ। यहाँ 'इलिफेन्ट ग्रास' (मुज) बाट बनेका ढकिया, टोपीलगायत हस्तकलाका सामग्री उत्पादन गरी पर्यटकलाई बिक्री गरिँदै आएको छ। यसबाट स्थानीय महिला विशेष रुपमा लाभान्वित भएको थारुले बताउनुभयो। होमस्टेमा शतप्रतिशत अर्गानिक स्थानीय खाना पस्किने गरिएको छ। यसले कृषि उपजको खपत बढाउनुका साथै स्थानीयलाई कुक, हाउसकिपिङ र आतिथ्य सेवासम्बन्धी तालिम तथा रोजगारीका अवसर सिर्जना गरेको छ। पर्यटनको विकाससँगै गाउँमा ब्युटीपार्लर, हेयर कटिङलगायत अन्य सेवामूलक व्यवसाय पनि विस्तार हुँदै गएको थारुले जानकारी दिनुभयो।

खाता करिडोरअन्तर्गत पर्ने डल्ला क्षेत्रले बर्दिया राष्ट्रिय निकुञ्ज र कतरनियाघाट वन्यजन्तु आरक्षलाई जोड्ने जैविक मार्गका रूपमा काम गरेको छ। थारुका अनुसार यही करिडोर संरक्षणका कारण वन्यजन्तुको आवागमन सहज भएको र पर्यटन विकासमा टेवा पुगेको छ। थारुको अनुभवले वन्यजन्तु र मानवबीच सहअस्तित्व सम्भव मात्र नभई लाभदायक पनि भएको देखाएको छ। "यदि संरक्षणलाई आयसँग जोड्न सकियो भने बाघ र हात्ती शत्रु होइनन्, समृद्धिका आधार बन्न सक्छन्", उहाँले भन्नुभयो।

### थारु जीवनशैलीमा परेको असर

पछिल्ला वर्षमा बढ्दो मानव-वन्यजन्तु द्वन्द्व, विशेषतः जङ्गली हात्तीको आक्रमणले यो समुदायको दैनिकी र सांस्कृतिक संरचनामा गम्भीर असर पार्न थालेको छ। बर्दियाको मधुवन नगरपालिका-१ पत्थरबोझीका मङ्गरु थारुको परिवार यस परिवेशको प्रतिनिधि उदाहरण बनेको छ। ५९ सदस्यीय ठूलो संयुक्त परिवारका रुपमा परिचित मङ्करु थारुको परिवारले लामो समयदेखि एउटै आँगनमा बसोबास गर्दै आएको थियो।

बुबाआमा, तीन दाजुभाइ र तिनका सन्तान मिलेर खेतीपाती, पशुपालन र घरायसी काम सामूहिक रुपमा सञ्चालन गर्ने परम्परा अझै जीवित रहेको उहाँले बताउनुभयो। "हाम्रोमा सबै काम मिलेर हुन्छ, कसैको दुःखसुख छुट्टै हुँदैन", उहाँले भन्नुभयो। थारु समुदायमा संयुक्त परिवार प्रणाली सामाजिक सुरक्षाको महत्वपूर्ण आधार मानिन्छ। एउटै घरमा धेरै पुस्तासँगै बस्दा श्रमको बाँडफाँट सहज हुने, आर्थिक भार कम हुने र पारिवारिक सम्बन्ध मजबुत हुने विश्वास गरिन्छ।

परिवार विस्तारसँगै व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको हुन्छ। मङ्गरुको परिवारले हालै अंशबण्डा गरी छुट्टाछुट्टै बसोबास सुरु गरेको छ। उहाँका अनुसार दाजुभाइका १२ छोरा गत माघी पर्वदेखि अलग भएका छन्। दुई जना सहर पसेका छन् भने १० जनाले पुर्ख्यौली थलोमै अलगअलग घर बनाउन सुरु गरेका छन्। घरहरु एउटै क्षेत्रभित्रै निर्माण गरिएका छन्, घर निर्माणमा पारिवारिक सहकार्य रहेको छ।

थारु समुदायको अंशबण्डा प्रणाली विशिष्ट मानिन्छ। सम्पत्तिको विभाजन गर्दा जमिन मात्र होइन, घरमा रहेको अन्न, काठ, इँट्टा, भाँडाकुँडालगायत सबै सामग्री बराबरी रुपमा बाँडिने परम्परा रहेको खाता सामुदायिक वन समन्वय समितिको अध्यक्ष हरि गुरुङ बताउनुहुन्छ। अझ गर्भमा रहेको शिशुलाई समेत भविष्यको सदस्य मानेर अंश छुट्याउने चलन रहेको गुरुङले जानकारी दिनुभयो।

थारु समुदायको अर्को महत्वपूर्ण पक्ष भनेको 'परमा' अर्थात् सामूहिक श्रम प्रणाली हो। घर निर्माण, खेत रोपाइँ, बाली कटाइँ जस्ता कामहरू गाउँले मिलेर गर्ने प्रचलनले आर्थिक अभाव भएका परिवारलाई समेत सहज रुपमा जीवनयापन गर्न सहयोग पुऱ्याउँदै आएको छ। मङ्करु भन्नुहुन्छ, "हामीसँग पैसा नहुन सक्छ तर गाउँलेको साथ छ। घर बनाउँदा सबैले सहयोग गर्छन्।" पछिल्ला वर्षहरूमा जङ्गली हात्तीको बढ्दो गतिविधिले यो जीवनशैलीमा चुनौती थपेको छ। पत्थरबोझी क्षेत्र खाता करिडोरभित्र पर्ने भएकाले भारत र बर्दिया राष्ट्रिय निकुञ्जबीच आवतजावत गर्ने हात्तीहरूको मुख्य मार्गमा पर्छ। यसका कारण यहाँका बासिन्दा निरन्तर त्रासमा बाँच्न बाध्य छन्।

मङ्गरुका अनुसार हात्तीले पटक-पटक घर भत्काउने, अन्नबाली नष्ट गर्ने र रातिको समयमा बस्तीमा पस्ने गरेको छ। "राति सुत्नै डर लाग्छ, कहिले के हुन्छ थाहा हुँदैन", उहाँले भन्नुभयो "गत वर्षदेखि हात्ती नआएकाले अहिले घर निर्माण सुरु गरेका छौँ।" हात्तीको आक्रमणका कारण कच्ची घरहरु टिक्न नसक्दा आर्थिक क्षति पनि बढ्दै गएको छ। पक्की घर निर्माण गर्न पर्याप्त स्रोत नभएकाले अधिकांश परिवारहरु अझै जोखिमपूर्ण अवस्थामा बसिरहेका छन्।

थारु समुदाय परम्परागत रूपमा माटो, बाँस र काठ प्रयोग गरी घर निर्माण गर्ने गर्छ। यस्ता घर वातावरण अनुकूल भए पनि जङ्गली जनावरको आक्रमणबाट सुरक्षित हुँदैनन्। यसले मानव-वन्यजन्तु द्वन्द्वलाई थप जटिल बनाएको छ। खाता सामुदायिक वन समन्वय समितिको अध्यक्ष गुरुङका अनुसार मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि दीर्घकालीन योजना सञ्चालनको प्रयास गरिएको छ। कोरिडोर व्यवस्थापन, विद्युतीय बार, चेतनामूलक कार्यक्रम र वैकल्पिक जीविकोपार्जनका उपायहरु लागू गरिएको छ। यसबाहेक वन्यजन्तु प्रभावित क्षेत्रमा रहेका चार हजार १९५ घरधुरीको बिमा गरिएको उहाँले जनाउनुभयो।

निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा अशोककुमार रामका अनुसार बढ्दो मानव-वन्यजन्तु द्वन्द्व, जलवायु परिवर्तन र पूर्वाधार निर्माणबाट बासस्थानमा ह्रास र संरक्षित सीमाभित्र व्यावसायिक विकासका लागि जोडजस्ता खतराको सामना निकुञ्जले गरिरहेको छ। निकुञ्जले वन्यजन्तु जोगाउने कार्यको साथै मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा जोड दिएको निकुञ्जका प्रमुख डा रामको भनाइ छ। उहाँका अनुसार मानव-वन्यजन्तु व्यवस्थापनअन्तर्गत तत्कालीन तथा दीर्घकालीन उपायहरु अवलम्बन गरिँदै आएको छ।

## *हुलाकी सडकमा ...*

बालुवा भरेर आवागमन केही सहज बनाइएको निर्माण कम्पनीले जनाएको छ।

पुल निर्माणको अन्तिम चरणको काम चलिरहेका बेला १७ असार २०७८ आएको बाढीले पुलको सिरहातर्फ दुईवटा जग भासिएर चारवटा स्ल्याबमा क्षति पुगेपछि थप पायर धसाएर फलामको बिम हालिएको छ भने धनुषातर्फ धसेको पायर उकास्ने काम भइरहेको निर्माण कम्पनी लुम्बिनी बिल्डर्सका साइट इञ्जिनियर सुर्यप्रकाश शर्माले बताए।

कमला पुलको पुनःनिर्माण सम्पन्न नहुँदा धनुषार्फका सघारा, सराबे, माचीझिटकैया, टडिया, लक्कड, बडेर्वा, लगमा, पतनुका, बनरझुला, फूलबरिया तथा सिरहातर्फ बसबिट्टा, बडेर्वा, मानपुर, खरसलवाका बासिन्दालाई बस्तुभाउ चराउन, घाँसपात गर्न, दैनिक किनमेल, हाटबजारका लागि आवतजावत गर्न कठिनाइ झेलिरहेका छन्।

## *राष्ट्रियस्तरका...*

स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन २०७०) अन्तर्गत ती ट्रेड युनियन विभागमा दर्ता भएका थिए। वर्तमान सरकारले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ मार्फत सार्वजनिक सेवामा रहेका ट्रेड युनियनसम्बन्धी व्यवस्था हटाएको थियो। सो अध्यादेश राष्ट्रपतिबाट जारी भएसँगै ती सेवाका राष्ट्रियस्तरका ट्रेड युनियन निष्कृय भएका थिए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# सिमरा सेजका उद्योगद्वारा उत्पादन सुरु



वीरगन्ज, २३ वैशाख। सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणमा रहेका उद्योगले उत्पादन थालेका छन्। सरकारले सेजको अवधारणालाई कार्यान्वयनमा ल्याएपछि यहाँ उद्योग सञ्चालनमा आएका हुन्। विशेष आर्थिक क्षेत्र प्राधिकरणमातहत ८३३ बिघा जग्गा भए तापनि अहिले ३४३ बिघा क्षेत्रफलअन्तर्गत विभिन्न ब्लकमा छवटा उद्योगले उत्पादन सुरु गरिसकेका छन्।

सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणका प्रमुख पप्पु गिरीले सेजमा रहेका आधा दर्जनभन्दा धेरै उद्योगले उत्पादन थालिसकेको बताउनुभयो। "सेज परिसरमा रहेका आधा दर्जन उद्योगले अहिले उत्पादन गरिरहेका छन्", उहाँले भन्नुभयो, "एक दर्जनभन्दा धेरै उद्योग अहिले निर्माणाधीन अवस्थामा रहेका छन्।" सेजमा रहेको पशुपति सेरामिक्स प्रालिले सेरामिक्ससम्बन्धी वस्तु तथा सामान उत्पादन गर्दै आइरहेको छ। सो उद्योगले करिब ४५० जनालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी दिँदै आइरहेको छ।

त्यस्तै ब्रिलियन सु प्रालिले पनि जुत्ता तथा चप्पल उत्पादन गर्दै आइरहेको छ। सो परिसरमा रहेको अर्को उद्योग बालाजी म्यानुफ्याक्चिरिङले पनि उत्पादनको काम गर्दै आइरहेको छ। त्यसैगरी, नेपाल एग्रो टुल्स कम्पनीले पनि कृषि सम्बन्धित उत्पादन गर्दै आइरहेको छ। एसीएम भेहिकल्सले पनि यहाँ उद्योग स्थापना गरेर उत्पादन गर्दै आइरहेको छ। त्यस्तै, बायोकल्प नेपाल नामक कम्पनीले पनि उम्पादन गर्दै आइरहेको विशेष आर्थिक क्षेत्र प्राधिकरणले जनाएको छ। चालु रहेका उद्योगमा करिब सात सयभन्दा धेरैले रोजगारीको अवसर प्राप्त गरेका छन्।

सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणका सबइन्जिनियर अजयकुमार चौधरीले सिमरा सेजमै अहिले करिब एक दर्जनभन्दा धेरै उद्योग निर्माणाधीन अवस्थामा रहेको जानकारी दिनुभयो। सेजमा औसत उद्योगले दुई करोडदेखि दुई सय करोडसम्मको लगानी गरेका छन्। सेजमा प्रतिवर्गमिटर रु पाँचका दरले लिजमा लिएर उद्योग सञ्चालन गर्ने प्रावधान छ। अहिले सेजमा नेपोभिट सेरामिक्स प्रालि, केभेक्स हिमालयन, रेम्बो एग्रो, ओमकार ग्रेनाइट प्रालि, बवाङ उइयाङ्ग बायो टेक्नोलोजी, लाडिकर प्रालि, ओममेघाश्री प्रालि, हुलास केबल प्रालि, मातारा मसला उद्योग, एभेरेष्ट मसला प्रालिलगायत उद्योग निर्माणाधीन अवस्थामा छन्।

'ए' ब्लकमा ३४३ बिघा जग्गा रहेको छ। जहाँ अहिले आधा दर्जनभन्दा धेरै उद्योग चालु अवस्थामा रहेका छन् भने एक दर्जन उद्योग निर्माणाधीन अवस्थामा छन्। त्यस्तै 'बी' ब्लकमा १२८ बिघा क्षेत्रफल रहेको छ। जहाँ ७० प्रतिशतभन्दा धेरै जग्गा प्राधिकरणमातहत नै छ। त्यस्तै 'सी' ब्लकमा भने ४९.५ बिघा जग्गा रहेको छ। त्यस्तै 'डी' ब्लकमा १३३ बिघा र 'इ' ब्लकमा १७८.५ बिघा जग्गा रहेको छ।

# सिराहामा खैरो हेरोइन सहित दुईजना पक्राउ

सिरहा, २३ वैशाख। सिरहाको धनगढीमाई नगरपालिका– ५, तेत्तिसबिघाबाट प्रहरीले खैरो हेरोइनजस्तो देखिने पदार्थसहित दुई युवकलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार लागुऔषध बिक्री–वितरण भइरहेको गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धनगढी र लागुऔषध नियन्त्रण कार्यालय गोलबजारको संयुक्त टोलीले दुई युवकलाई प्लास्टिकबाहेक आठ ग्राम खैरो हेरोइनजस्तो पदार्थसहित पक्राउ गरेको हो।

पक्राउ पर्नेहरूमा धनगढीमाई वडा नम्बर ५ का करिब २० वर्षीय भरतकुमार मण्डल र वडा नम्बर १० का करिब २१ वर्षीय जीवछ साफी रहेका सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार पक्राउ परेकामध्ये साफीको साथबाट खैरो हेरोइनजस्तो पदार्थ र थप खानतलासी गर्दा एक थान इलेक्ट्रिक तराजु र एक थान मोबाइल तथा उनीहरू चढेको स.९ प १०७ नम्बरको मोटरसाइकल बरामद गरिएको छ।

पक्राउ परेका दुवैलाई इलाका प्रहरी कार्यालय लहानमार्फत सोमबार सिरहा जिल्ला अदालतमा उपस्थित गराई थप अनुसन्धानका लागि आठ दिनको म्याद लिइएको छ।

# मधेस प्रदेशमा नयाँ सरकार गठनको गृहकार्यमा जसपा नेपाल, एमालेको साथ कसलाई ?

काठमाडौँ, २३ वैशाख। मधेस प्रदेशको सरकारबाट जनमत पार्टीले आफ्नो समर्थन फिर्ता लिएसँगै नयाँ सरकार गठनका लागि दौडधुप सुरु भएको छ। त्यसमा सबैभन्दा अगाडि जनता समाजवादी पार्टी नेपाल देखिएको छ। जसपा नेपालले एमालेसँग मिलेर सरकार बनाउने गृहकार्य सुरु गरिसकेको छ। जसपा नेपाल, मधेस प्रदेशका शीर्ष नेताहरू यतिखेर काठमाडौँमा छन्। उनीहरू आन्तरिक तयारीमा जुटेका छन्। जसपा नेपालका एक नेताले भने, 'एमालेले हामीलाई समर्थन गर्ने भनिसकेको छ, अब जसपा नेपालबाट सरकारको नेतृत्व कसले गर्ने भन्नेमा आन्तरिक छलफल चलिरहेको छ।'

मुख्यमन्त्रीको दौडमा जनता समाजवादी पार्टी नेपालबाट जितेन्द्र सोनल, सरोज यादव, लालबाबु राउतलगातका नेता छन्। यी तीनै जना यसअघि मुख्यमन्त्री भइसकेका छन्। अहिले मुख्यमन्त्रीमा दाबी गर्नेमा उनीहरू नै अग्रपंक्तिमा रहेको जसपा नेपाल स्रोतले जनाएको छ। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवसँग मुख्यमन्त्री पदका आकांक्षी नेताहरूले आन्तरिक छलफल गरिरहेको स्रोत बताउँछ। अर्कोतिर जसपा नेपालकै केही नेता भने सरकारमा सहभागी हुन नहुने भन्दै लबिङ गरिरहेका छन्। कतिपय नेताले त एमालेसँग मिलेर कुनै पनि हालतमा सरकार बनाउनु हुँदैन भनेर नेतृत्वलाई दबाब दिएका छन्। कतिपयले प्रदेश सभा निर्वाचनका लागि झन्डै एक वर्षमात्र बाँकी रहेकाले सरकारबाट अलग भएर चुनावको तयारीमा लाग्नुपर्ने सुझाव दिइरहेका छन्।

सरकारमा जाने–नजाने विषयमा जसपा नेपालभित्रै विवाद देखिएको छ। जसपा नेपाल र लोसपा नेपालबिच एकता भए पनि अझै त्यसले पूर्णता पाएको छैन। केन्द्रमा कानुनतः पार्टी एकता भए पनि मधेस प्रदेशमा दुवै दल आफ्नो अस्तित्वमा छन्। दुवै दलले सरकारको नेतृत्वमा दाबी गरिरहेका छन्। यस अवस्थामा सरकारमा जाने कि नजाने भन्नेमा पार्टी प्रस्ट भइसकेको छैन। एमालेले सरकार गठनका लागि कसलाई समर्थन गर्ने भन्ने पनि टुङ्गो लाग्न बाँकी छ। एमाले मधेस प्रदेश संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री सरोज यादवले आफू सरकार बनाउने, गिराउने पक्षमा नरहेको बताए। 'गठबन्धनमै कुरा मिलेको छैन, उनीहरूभित्र विवाद भएको सुनिएको छ,' यादवले भने, 'हामी सरकार बनाउने वा ढाल्ने खेलमा छैनौँ। कांग्रेस पक्षबाट सहयोग गर्न प्रस्ताव आएको छ। अर्कोतिर जसपा नेपाल, लोसपा नेपाललगायतका दलबाट पनि कुरा आइरहेको छ, तर हामीले कसैलाई केही भनेका छैनौँ।'

अर्को सरकार बनाउने अवस्था आएको खण्डमा मात्र एमालेले कसलाई सहयोग गर्ने भन्नेबारे निर्णय लिने यादवले प्रस्ट पारे। नयाँ सरकारका लागि आफूले नेतृत्वमा दाबी नगरेको पनि उनले बताए। उनले भने, 'हामीले मुख्यमन्त्री खोजेका छैनौँ। आवश्यक परे कुनै दललाई सहयोग गर्न सक्छौँ, तर सशर्त सहयोगमात्र गर्छौं। कांग्रेसलाई दुई पटक सहयोग गरे पनि प्रदेशमा मुख्यमन्त्री छ भन्ने अभास पनि भएन।' त्यसैले अब कसैलाई सहयोग गर्दा यो–यो काम गर्ने, यसरी गर्ने भनेर लिखित सहमति गरेपछि मात्र सहकार्यका लागि अघि बढ्ने यादवले बताए।

जसपा नेपालका मधेस प्रदेश संसदीय दलका नेता सरोज यादवले अहिले सरकारमा जाने वा सरकार छाड्नेबारे कुरा अघि नबढेको बताए। पार्टीमा यस विषयमा छलफल हुन बाँकी रहेको उनको भनाइ थियो। 'को मुख्यमन्त्री बन्ने कि नबन्ने कुरा कतै चर्चा पनि छैन। अहिले अर्को सरकार बन्ने–नबन्ने कुनै टुङ्गो छैन। त्यसअघि कसरी मुख्यमन्त्री को बन्ने भन्ने कुरा हुन्छ ?' उनले भने। यादवका अनुसार प्रदेशमा विकासका काम ठप्प छन्, विकास खर्च न्यून भएको छ। नीति तथा कार्यक्रममा तय भएको, बजेटले दिइसकेको काम पनि हुन नसकेको जिकिर गर्दै उनले त्यसको जिम्मेवार मुख्यमन्त्री नै रहेको बताए। उनले भने, 'यदि कुनै मन्त्रीले काम गरेको छैन भने मन्त्रीलाई हटाउनुपर्थ्यो, तर सम्पूर्ण कुराको जिम्मेवार मुख्यमन्त्री नै हुन्छ।'

जसपा नेपालका नेता शैलेन्द्र साहले मधेस प्रदेशको सरकार बनाउनुअघि लोसपा नेपालसँगको एकता प्रक्रिया टुङ्गो लगाइने बताए। उनले भने, 'मधेस प्रदेशमा सरकार बन्नुअघि लोसपा र जसपा नेपालको बिचको एकता टुङ्गो लाग्छ। त्यसपछि मात्र सरकार बनाउने–नबनाउने कुरा हुन्छ।' दुई दलको एकतालाई पूर्णता दिन आफूहरू लागेको उनले बताए। मधेस प्रदेशसभामा १२ सांसद रहेको जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिइसकेको छ। यद्यपि जनमत पार्टीबाट अर्थमन्त्री रहेका महेश यादव र वसन्त कुशवाहा अझै सरकारमै छन्। जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएको विषयमा उनीहरू सहमत छैनन्।

जनमत पार्टीले मधेस प्रदेशका संसदीय दलका नेता रहेका महेश यादवलाई हटाएर पार्टीमा महासचिव चन्दन सिंहलाई दलको नेता चयन गरेको छ। जनमत पार्टीको आन्तरिक विवादका कारण सरकारमा असर परेको छ। तर मुख्यमन्त्री कृष्ण यादवले भने, 'जनमत पार्टीको विवादका कारण सरकारमा कुनै असर परेको छैन, गठबन्धन दलका सबै दलले हालसम्म साथ दिइरहेका छन् र साथ नै रहने कुरा भएको छ।' जसपा नेपाल र लोसपा नेपालबिच एकता भएसँगै मधेस प्रदेशमा जसपा नेपाल सबैभन्दा ठुलो बनेको छ। त्यही भएर जसपा नेपालले सरकारको नेतृत्वमा दाबी गरेको छ। जसपा नेपालबाट दुई र लोसपाबाट एक जना मन्त्री सरकारमा छन्। जसपा नेपालको १८ र लोसपा नेपालको ८ सांसद छन्।

एमालेका २४, कांग्रेसका २२, नेकपा (माओवादी र नेकपा एकीकृत समाजवादीका १५, जनमत पार्टीका १२, नागरिक उन्मुक्ति र नेपाल संघीय समाजवादी पार्टीका एक–एक जना सदस्य छन्।

# भोगचलनको अधिकार लिइएका सरकारी जग्गा खाली गर्न सरकारको निर्देशन

काठमाडौं, २३ वैशाख। सरकारले भोगचलनको अधिकार लिइएका सरकारी जग्गा तथा त्यसमा बनेका संरचना तत्काल खाली गर्न सम्बन्धित व्यक्ति, संस्था र निकायलाई निर्देशन दिएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले बुधबार जारी गरेको सूचना अनुसार २०७९ मा लिज सम्झौता गर्न आउनू भनेर सूचना निकाल्दा पनि नगएका र कानुन बमोजिम लिज प्रक्रियामा प्रवेश नगरेका संस्थाले जग्गा तथा संरचना खाली गर्नुपर्ने भएको छ।

सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ (दोस्रो संशोधन सहित) अनुसार साविकमा भोगाधिकार प्राप्त गरेका व्यक्तिहरूले उक्त जग्गा लिजमा परिणत गर्न पाउने व्यवस्था थियो। त्यसका लागि ६ महिनाको समयसीमा तोकेर २०७९ जेठ ३१ र २०७९ पुस २१ मा सूचना प्रकाशन गरिएको थियो। उक्त अवधिभित्र लिजमा परिणत गर्न निवेदन नदिने व्यक्ति तथा संस्थाहरूको भोगाधिकार स्वतः समाप्त भइसकेको मन्त्रालयले जनाएको छ।

सूचनामा अब त्यस्ता व्यक्ति तथा संस्थाले सर्त अनुसार बुझाउन बाँकी रकम भए सरकारी कोषमा दाखिला गरी सम्बन्धित जग्गा र त्यसमा बनेका संरचना तत्काल खाली गर्नुपर्ने उल्लेख गरिएको छ। मन्त्रालयले भोगाधिकार लिएका सबै पक्षलाई यस विषयमा जानकारी गराउँदै तत्काल कार्यान्वयन गर्न आग्रह गरेको छ। दिवंगत नेता वा अन्य सार्वजनिक व्यक्तित्वका नाममा रहेका प्रतिष्ठानले सरकारी, सार्वजनिक जग्गा भोगचलन गरिरहेका छन्। नेकपा एमालेले त्यस्तै भोगाधिकार प्राप्त तुलसीलाल स्मृति प्रतिष्ठानले बनाएको घर भाडामा लिएर केन्द्रीय कार्यालय सञ्चालन गरिरहेको छ।

## भारतीय ...

एम्बुलेन्स चालक र त्यसमा सवार एक जना भारतीय नागरिक पक्राउ परेका छन्। सुनसरीका प्रहरी उपरीक्षक केशवकुमार थेबेका अनुसार एम्बुलेन्स चालक विहार सुपोलका १८ वर्षीय धर्मेन्द्रकुमार यादव र त्यसमा सवार २१ वर्षीय मोहमद सदामलाई पक्राउ गरिएको हो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)